# १ नं वडा (साबिक सिद्धेश्वर गा.वि.स.)

रैनादेवी छहरा गाउँपालिकाको उत्तरमा अवस्थित यस वडाको क्षेत्रफल ११.४४ वर्ग किलोमिटर रहेको छ । जनगणना २०७९ अनुसार यस वडाको जनसङ्ख्या ११४७ जना पुरुष र १३६० जना महिला गरी जम्मा २५०७ जना रहेको छ ।

वडा कार्यालय रहेको स्थानः मोहरे, गाउँपालिकाको केन्द्र छहरा बजारबाट १३ कि.मि.को दुरीमा यस वडाको वडा कार्यालय रहेको छ र अन्दाजी कम्तीमा ४५ मिनेटमा छहराबाट १ नं वडा कार्यालयमा पुग्न सकिन्छ ।

स्वास्थ्य संस्थाहरू : सिद्धेश्वर स्वास्थ्य चौकी, देउले सामुदायिक स्वास्थ्य इकाई ।

पर्यटकीय तथा धार्मिक स्थलः अमरापुरी धाम, सिद्धेश्वर गुफा, मालारानी ढोका, राँगो बान्ने डाँडा, एभरग्रीन एग्रो फर्म ।






